

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ९ गते मंगलबार ❑ 21 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सुशासन र समृद्धिका लागि शिक्षा क्षेत्रको भूमिका अग्रणी : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड)' ले सामाजिक न्याय, सुशासन र समृद्धि प्रतिको नेपाल सरकारको लक्ष्य हासिल गर्न शिक्षा क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ ।

पोखरा विश्वविद्यालयको अठारौँ दीक्षान्त समारोहलाई आज विश्वविद्यालयको केन्द्रीय कार्यालय पोखरा-३० खुदी, ढुङ्गेपाटनमा सम्बोधन गर्दै उहाँले सरकार संविधानको व्यवस्था अनुरुप निःशुल्क शिक्षाको हकलाई व्यवहारमा कार्यान्वयन गर्न सङ्घीय शिक्षा ऐनको अन्तिम तयारी गरिरहेको बताउनुभयो ।

सङ्घीय शिक्षा ऐनमार्फत शिक्षा क्षेत्रका नीतिगत, संस्थागत, संरचनागत र कार्यगत चुनौती एवम् समस्या सम्बोधन हुने अपेक्षा गरिएको बताउँदै विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका उहाँले शिक्षा क्षेत्रका सम्पूर्ण बौद्धिक महानुभावहरूको उच्च बौद्धिक सक्रियता, सकारात्मक तथा रचनात्मक सहयोग, सहकार्यबाट नै सरकारले सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्य हासिल गर्ने बताउनुभयो । विश्वविद्यालयबाट दीक्षित विद्यार्थीले विश्वबजारमा प्रतिस्पर्धी र अब्बल प्रमाणित गर्ने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, "विभिन्न कारणले विदेश पलायन हुने जनशक्तिलाई रोजगारी र सीपका



माध्यमबाट स्वदेशमा नै बस्न सक्ने वातावरण निर्माण गर्ने महत्वपूर्ण अभिभारा तपाईँहरूको काँधमा छ ।"

भूकम्प, कोभिड, रसिया युक्रेनयुद्ध लगायतले विश्वव्यापी अर्थतन्त्रमा पारेको असर र त्यसबाट नेपालको अर्थतन्त्रमा पारेको बाछिटालाई न्यूनीकरण गर्न राज्यले तपाईहरूको ज्ञान र सीपको अपेक्षा गरेको उहाँको भनाइ थियो । "अर्कोतर्फ वातावरणीय र जलवायु परिवर्तनका कारण भविष्यमा आउन सक्ने सङ्कटबाट मुलुकलाई जोगाउने जिम्मेवारी तपाईहरूको काँधमा आएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो । विश्वविद्यालायबाट प्राप्त ज्ञानलाई मुलुकमा उत्पादन, रोजगारी सिर्जना, शान्ति, स्थिरता र समग्र विकासको क्रमसँग जोड्न सक्नुपर्ने बताउँदै प्रधानमन्त्री दाहालले त्यसका लागि सिकाइलाई जीवनपर्यन्त प्रयोगमा ल्याउने, भावी पुस्तालाई उक्त ज्ञानको हस्तान्तरण गर्ने र नवप्रवर्तन र उद्यमशीलता प्रयोग गरी समाजको रुपान्तरणमा ठोस् योगदान पुऱ्याउनुपर्ने बताउनुभयो । विभिन्न विधामा प्राप्त सैद्धान्तिक एवम् व्यावहारिक ज्ञानलाई मुलुकको आर्थिक, सामाजिक तथा अन्य क्षेत्रमा देखिएका चुनौतीलाई सामाना गर्दै अवसरमा बदल्नुपर्ने बेला आएको उहाँले बताउनुभयो । राज्यले प्राथमिकता क्षेत्र निर्धारण गरेका विषयमा अध्ययन अध्यापन तथा अनुसन्धानलाई जोड दिँदै शिक्षा, स्वास्थ्य, पर्यटन र उद्योगका विविध पक्षलाईसम्बोधनगरीविश्वविद्यलायले आफ्ना नीति तथा कार्यक्रमलाई विस्तार गर्नुपर्ने उहाँको भनाइ थियो । बर्सेनि सीमान्त्कृत, पिछडिएका विपन्न परिवारका सयौँको सङ्ख्यामा विश्वविद्यालयले निःशुल्क छात्रवृत्ति दिनु सामान्य विषय नभएको भन्दै उहाँले विश्वविद्यालयको उद्देश्यलाई राज्यका तर्फबाट पूर्ण समर्थन र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । आफू कास्कीमा नै जन्मेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दलित आन्दोलनको बहसलाई रचनात्मक र सिर्जनात्मक बनाउन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

दलित आन्दोलनको बहसलाई रचनात्मक र सिर्जनात्मक बनाउन सांसदहरुले आग्रह गरेका छन् ।

राष्ट्रिय दलित पत्रकार संघ नेपालको केन्द्र, प्रदेश र जिल्लाको संयुक्त आयोजनामा भएको दलित आन्दोलन र आरक्षण नीति विषयक गोष्ठीमा बोल्दै वक्ताहरुले उक्त कुरा बताएका हुन् । कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका मुख्य मन्त्री खगराज अधिकारीले दलित आन्दोलनलाई आफुले दलभन्दा माथि उठेर सुरुदेखि नै अगालेको बताए । उनले आफु मुख्यमन्त्री भएपश्चात धेरै काम गर्न बाँकी रहेको सुनाउँदै दलित हक हित र अधिकारका लागि गर्नुपर्ने आवश्यक कामहरुको निर्देशन र सुझाव दिन अनुरोध समेत गरे । आफु मुख्यमन्त्री हुने अवस्था नरहँदा राजनैतिक घटनाका कारण नचोको भएको र मुख्यमन्त्री हुँदै गर्दा गोष्ठीबाट आउने हरेक शब्दको सम्बोधन गर्ने बताए । राणा शासन अन्त्यका लागि लड्दै गर्दा मृत्यु दण्डको सजाय भोगेको व्यक्ति भएकाले पार्टीभन्दा पनि नागरिक प्यारो भएको उनको भनाइ छ । उनले संविधान बनाउँदा समेत समस्या रहेकाले अधिकारको प्रत्याभुत अहिलेसम्म हुन नसकेको सुनाए । उनले धार्मिक ग्रन्थमा कुनै जातिय विभेद नभएको तर विश्वमाा जसले राम्रो काम गऱ्यो उसैलाई दलित भनि हेपिएको बताए । 'यो



बहसलाई रचनात्मक र सिर्जनात्मक बनाऔं । हामीले उपभोग गर्ने हरेक सामान बनाउने कला भएका महान व्यक्तिहरु दलित कहलिए' उनले भने,'मेरो प्राथमिकतामा यो आन्दोलन पर्छ । दलभन्दा माथि उठेर यो आन्दोलमा साथ हिजो पनि दिए आजपनि दिन्छु र भोलि पनि ।' सोही क्रममा बोल्दै उनले गण्डकी प्रदेशकै जिल्ला जानका लागि अन्य प्रदेशबाट जान बाध्य भएको र अब आफ्नै प्रदेशको बाटो प्रयोग गर्ने सुनाए । उनले गण्डकीका दलित सहिदको सपनालाई आफ्नो कार्यकालमा पुरा गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । यस्तै गण्डकीका अर्थमन्त्री सिताकुमारी सुन्दासले सुन्दासले दलितहरु अब नेतृत्वदायि भूमिकामा आउने काम गर्नुपर्ने बताएकी छिन् । उनले प्रदेशमा आफुहरुले सिमित स्रोत साधनका बाबजुत नयाँ कामको थलानी गरेको र थोरै बजेटमा धेरै काम गर्न बाध्य भएको बताइन् । अहिले दलितपनि नीति निमार्ण गर्ने स्थानमा रहेको र अब प्रशासनिक क्षेत्रमा समेत दलित उपस्थिति हुन जरुरी रहेको भनाइ राखिन् । 'हामी नीति निमार्ण गर्ने ठाउँमा पुगेका छौं । निष्ठाले लाग्न जुरुरी छ । हिजो हाम्रा शहिदले देखेको सपना र खेलेको भूमिकालाई सफल बनाउन हामी असल र सभ्य भएर लाग्नुपर्ने छ' उनले भनिन्, 'अब प्रेरणाको काम गर्नुपर्ने बेला भएको छ । राजनितिमा दलितको मुक्तिका लागि लड्नुपर्छ । लेखनबाट समेत एक ठाउँमा उभ्एिर काम गरौं ।' उनले समानातामा आधारित समाज सिर्जनाका लागि काम गर्न जुरुरी रहेको स्पष्ट पारिन् । राष्ट्रिय दलित पत्रकार संघका केन्द्रिय अध्यक्ष विनोद पहाडीले पँहुचको आधारमा अन्य जातले स्थान पाउँदा दलित भएकै कारण क्षमता भएरपनि मिडिया क्षेत्रमा उचित ठाउँ नपाएको गुनासो पोखे । 'दलितले क्षमताको आधारमा पनि ठाउँ पाएनन् । पहुँचको आधारमा आफ्नो जातिको मानिसलाई मात्र स्थान दिइयो । मिडिया क्षेत्रमा समेत क्षमता भएका दलित जातिका व्यक्तिहरुले उचित ठाउँ पाउन सकेनन' उनले भने,' सात दशक पुगेको नेपाल पत्रकार महासंघका दलित कोटा भन्दा बाहिरको निष्पक्ष भएर दलित कहिले आउन सक्छ रु कोटाको विषयमा बेलाबेलामा आउने बहस प्रति सबै एक भएर बहस गर्न आवश्यक छ ।' उनले अब रानीतिक दलमा विद्रोह गर्न आवश्यक रहेको सुनाए । संविधानसभा सदस्य परशुराम रम्तेलले दलितका मुद्धाहरुलाई कसरी अगाडि बढाउने र दलित भन्ने वित्तिकै मनोबल घटाउने काम गरिदै आएको बताए । उनले दलितप्रति स्पष्ट कानुन निर्माण नहुँदा समस्या आएको सुनाए । उनले सुरक्षित राजनैतिक प्रणाली लागु गर्नुपर्ने समेत बताए । 'दलित जाति प्रत्यक्ष निर्वाचित बनाउँदा जनसंख्या बढी भएको स्थानमा जुनसुकै पार्टीले पनि सुरक्षित राजैनैतिक प्रणाली लागु गर्नुपर्छ ' उनले भने । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले अब आरक्षणबाट नभई दलित समेत खुल्ला प्रतिस्पर्धाबाट लड्न सक्ने सामर्थ्यको हुनुपर्नेमा जोड दिए । उनले दलित शब्दमत्रै भएकाले परिवर्तनका लागि अब लडेरै जानुपर्ने बताए । उनले हिजोका दिनमा भेदभाव अन्त्यका लागि दलित आरक्षण अत्यावश्यक रहेपनि अब भने सिर्जनात्मक अभ्यास गर्दै अघि बढ्नुपर्ने सुनाए । सामाजिक परिवेशमा आजका दिनमा त्यो सम्भवन नभएपनि आगामी पुस्तामा भने त्यो सम्भावना रहेको बताए । उनले दलित अधिकारका लागि पोखरा महानगर सद्यैं तयार रहेको र हरेक कुरामा साथ र सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । 'राज्यका हरेक तहमा आरक्षणबाट उपस्थिति गराईयो । अब आरक्षण होइन हामीले खुल्ला प्रतिस्पर्धामा लड्न सक्ने ताकत राखेर जानुपर्छ' उनले भने,'तपाईँहरुको यो बहसले जे निर्णय ल्याउँछ त्यसको शब्द शब्द उचित ढंगले महानगरले समर्थन गर्छ ।' कार्यक्रममा प्रतिनिधिसभा सदस्य राजु नेपाली, नेपाली कांग्रेस केन्द्रिय नेता गुरु बराल, नेपाल पत्रकार महासंघकी केन्द्रिय सदस्य सरिता तिमिल्सिना पगेनी, दलित पत्रकार संघ गण्डकी प्रदेश अध्यक्ष रेम विक लगायतले आफ्नो भनाइ रोखका थिए । कार्यक्रम संचालन दलित पत्रकास संघका केन्द्रिय उपाध्यक्ष दिपक परियारले संचालन गरेका थए ।

## प्रदेशको सामर्थ्य बढाउने एकमात्र लक्ष्य : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

गण्डकीका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशलाई बलियो बनाउनु आफ्नो एकमात्र लक्ष्य भएको बताएका छन् ।

'प्रदेश सरकारलाई तपाईंले बलियो बनाउन सक्नुहुन्न भने,साझा अधिकारको विषयमा कानून नबनाउनु भनेको यो (प्रदेश संरचना ) नै फालौं भनेजस्तो हुन्छ भनेर मैले प्रधानमन्त्रीलाई भनेको छु,', पोखरा उद्योग वाणिज्य संघले सोमबार उनको सम्मानमा आयोजना गरेको कार्यक्रममा बोल्दै मुख्यमन्त्रीले भने,' अधिकार नदिने हो भने प्रदेश सरकार हिजोको जिल्ला विकास समिति र जिसस ( जिल्ला समन्वय समितिजस्तो हुन्छ ।' उनले कर्मचारी समायोजनमा अझै समस्या रहेको पनि खुलासा गरे । 'यहाँ तीन हजार कर्मचारी आएको भनियो तर को कहाँ छन्, थाहा छैन,',उनले भने ।

उनले संघ सरकारले सयौं टुक्रे योजनाहरु आफूखुसी प्रदेशमा दिएको र ठेक्का प्रक्रियामा गइसकेपछि रकम फिर्ता लगेर नचाहिँदो काम गरेको आरोप पनि लगाए । 'संघको यस्तो कामले पूँजीगत खर्च बढ्छ ?,'उनले प्रश्न गरे । उनले निजी क्षेत्रसँग मिलेर,पूँजीगत खर्च बढाएर र ठूला परियोजना निर्माण गरेर गण्डकीलाई समृद्ध बनाउने उद्घोष पनि गरे । कालीगण्डकी डाइभर्सनको विरोध गर्ने र प्रदेश बलियो बनाउनुपर्छ भन्ने मान्यता राख्ने पहिलो व्यक्ति नै



आफू भएको जिकिर गर्दै उनले भने,'कालीगण्डकी डाइभर्सन भन्ने कुरा कुनै ठूला नेताले बोलेर हुन्छ ?उत्तरगंगा परियोजना सुनको अण्डा पार्ने प्रोजेक्ट हो, किन हामीलाई गर्न नदिने ? हामी यसलाई आफ्नै स्रोतबाट बनाउन सक्छौं ।' उनले संघ सरकारका विभिन्न कानूनी अवरोधका कारण काम गर्न अप्ठेरो परेको पनि सुनाए । जग्गा प्राप्ति र भौतिक निर्माणमा वनले रोक्दा अप्ठेरो परेको उनले प्रष्ट पारे । 'त्रिवेणीसम्म त हामी आफैं जान पाउनुपऱ्यो नि,यस्तो अवरोध छ कि, कहिले वातावरणीय मूल्याङ्कन गर्ने,कहिले के भनेर राजमार्ग रोकिएको छ,'उनले भने । उनले प्रदेशको राजश्व बढाउनु आफ्नो पहिलो काम भएको पनि बताए ।

कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघ तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले अर्थतन्त्र चलायमान बनाउन पूँजीको लागत कम गर्नुपर्नेमा जोड दिए ।' पूँजीको लागत कम गर्न घुसखोरी होस् कि, सिण्डिकेट होस् कि चर्को ब्याजदर नै किन नहोस्,त्यो रोकिनुपर्छ,',उनले भने,'राज्यले चाहे यी सबै कुरा सल्ट्याउन सक्छ,राज्य मौन बसे अवाञ्छित तत्वले लाभ लिन्छन् ।' उनले गण्डकी प्रदेशबासीको क्रयशक्ति घटेको र प्रदेशको सामर्थ्य सुदूरपश्चिमभन्दा तल पुग्ने अवस्था आएको बताउँदै लगानी भित्र्याउन वातावरण निर्माण र ठूला परियोजनाको खाका कोर्नुपर्ने बताए ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले मुख्यमन्त्रीसँग निजी क्षेत्र मैत्री व्यावसायिक वातावरण निर्माणको लागि पहल गर्न आग्रह गरे । उनले बैंक तथा वित्तीय संस्थाहरुले बढाएको ब्याजका कारण व्यवसायीहरु मर्कामा परेको उल्लेख गर्दैव्यवसायीहरुमाथिको धरपकड अन्त्यको माग गरे ।

अध्यक्ष प्रजापतिले पूँजीगत खर्च बढाउन,भौतिक पूर्वाधार निर्माणलाई गति दिन,पोखरा अन्तर र्ाष्ट्रिय विमानस्थलबाट छिटो अन्तर र्ाष्ट्रिय उडान भर्ने वातावरण निर्माण गर्न र औद्योगिक क्षेत्र स्थापनाको पनि माग गरे । उनले प्रदेश सरकार भएर पनि सानो कामको लागि काठमाडौं जाने प्रवृत्तिको अन्त्य हुनुपर्ने पनि बताए ।'हामीसँग नजिकको प्रदेश सरकार छ तर उद्योग दर्ता, नवीकरणदेखि, राजश्व बुझाउन पनि काठमाडौं जानुपर्ने बाध्यता छ,',उनले भने, हामीले कम्पनी रजिष्टारको कार्यालय पोखरामा हुनुपर्छ भन्ने आवाज उठाउँदै आएको धेरै भयो । त्यस्तै सामाजिक सुरक्षा कोषको कार्यालय पनि पोखरामा होस् भन्ने हाम्रो माग छ ।' उनले सुनचाँदीदेखि साना ढुवानीका समस्याको पनि उठान गरे ।

त्रिवेणी-कोरला तथा मध्यपहाडी राजमार्गबाट गण्डकीले कसरी फाइदा लिने भन्नेबारेमा सोच्नुपर्ने बेला आइसकेको पनि उनको भनाइ थियो । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखराको पर्यटन प्रवर्द्धनको लागि काम गर्न मुख्यमन्त्रीसँग आग्रह गरे । उनले बिहार र उत्तरप्रदेशका मुख्यमन्त्रीलाई पोखरा र मुक्तिनाथ भ्रमण गराउन तथा चिनियाँ पर्यटकलाई नेपाल भित्र्याउनेतर्फ तत्काल काम गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा भौतिक पूर्वाधारमन्त्री हरिबहादुर चुमान,आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन गाहा मगर, गण्डकी नीति तया योनजा आयोगका उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेलको समेत उपस्थिति रहेको कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीको धन्यवाद र महासचिव बलराज आचार्यको संचालन रहेको थियो ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# जनता र शहीद परिवारबाट सुझाव लिएर पार्टीको पुनःसंरचना : प्रधानमन्त्री दाहाल

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)ले पार्टीका सबै नेता कार्यकर्तालाई दुई महिना जनता, शहीद परिवार, घाइते र बेपत्ता योद्धाका बीचमा जान निर्देशन दिनुभएको छ।

पार्टीको गण्डकी प्रदेश समितिको छैटौं पूर्ण बैठकलाई सोमबार पोखरामा सम्बोधन गर्दै उहाँले केन्द्रीय समितिको बैठकअघि तलसम्म गएर जनता र कार्यकर्ताको सुझाव लिएर आउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, 'माथि माथिकाले ल्याएका कुराले समस्या त्यति समाधान हुन सकेन। हामी आफ्नाआफ्ना कुरामात्र लिएर आउने भइयो । दुई महिना जनतामा गएर




सुझाव लिएर आउनुहोला । जनताका सुझावका आधारमा पार्टी पुनःनिर्माण गर्नेछौं ।' प्रधानमन्त्री दाहालले हाल पार्टी अप्ठ्यारोमा रहेकाले जनताको सुझाव र आलोचनाका आधारमा आफूले डकुमेण्ट बनाउने र त्यसलाई केन्द्रीय समितिमा लग्ने बताउनुभयो । उहाँले केही समूहसँग तत्काल पार्टी एकताको सम्भावना रहेको जानकारी दिनुभयो । 'पार्टी एकताको सम्भावना भएकासँग एकता गर्ने, नभएकासँग समाजवादी मोर्चा बनाउने र छलफल गर्दै गएर बामपन्थी धुव्रिकरणको बाटो अबलम्बन गर्नुपर्ने हुन्छ ।' प्रधानमन्त्रीले भन्नुभयो, 'केही समूहसँग तत्काल पार्टी एकतासमेतको सम्भावना देखिएको छ। यसरी पार्टीलाई पुनःगठन गर्दै जनआधार विस्तारको सम्भावना पैदा हुन्छ।'

जनतालाई आशा दिलाउने काम अहिलेको सरकारले गरेकाले जनतालाई सरकारका काम बुझाउन पार्टीका नेता, कार्यकर्तालाई आग्रह गर्नुभयो । प्रधामन्त्री दाहालले १२ बुँदे सहझदारीका पक्षधर शक्ति एक ठाउँमा उभिनुपर्ने अवस्था अहिले रहेको बताउनुभयो । राष्ट्रपति र उपराष्ट्रपतिको चुनावको मिति घोषणा भइसकेकाले देशको आर्थिक, राजनीतिक, सांस्कृतिक पक्षलाई हेर्दा संविधान, गणतन्त्र र शान्ति सम्झौताका लागि काम गरेका पार्टी एक ठाउँमा अभिनुपर्ने बेला आएको बताउनुभयो।

# लेखनाथ उद्योग वाणिज्य संघमा प्रधानमन्त्रीलाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

लेखनाथ उद्योग वाणिज्य संघले एक कार्यक्रम गरि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)लाई संघको सभाहलमा स्वागत तथा भेटघाट कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीले पोखरा लेखनाथ एकहुने अवस्थामा सृजना भएको मतभेद र उद्योगी व्यवसायीको वर्तमान समस्याका बारेमा आफु अवगत रहेको बताउनुभएको थियो । सम्पूर्ण उद्योगी व्यवसायीको समस्या समाधानका लागि पहल गर्दै रहेको र औद्योगिक क्षेत्रको स्थापना लगायत यस क्षेत्रको विकासका सम्भावनाहरुको विस्तृत रुपमा




कार्ययोजना बनाई ज्ञापनप्रत्र लिएर केन्द्रमा आउनका लागि लेखनाथका व्यवसायीहरुलाई निमन्त्रण दिनुभएको थियो।

लेउवा संघका अध्यक्ष छत्रधर आत्रेयको अध्यक्षता भएको उक्त कार्यक्रममा लेखनाथ नगरपालिका पुर्नस्थापना, यस क्षेत्रमा औद्योगिक क्षेत्रको स्थापना र वर्तमान अवस्थामा उद्योगी व्यवसायीलाई परेका पिडा, क्रसर व्यवसायीहरुको व्यवस्थापन सम्वन्धि नीतिगत समस्याहरुका बारे सम्माननीय प्रधानमन्त्रीज्यु समक्ष अध्यक्ष आत्रेयले जानकारी गराउनुभएको थियो । उक्त कार्यक्रम संघका महासचिव उपेन्द्रराज सुवेदी (राजु) ले सन्चालन गर्नु भएको थियो।

# आठौं संगम कप विल स्मृति फुटवल प्रतियोगितामा आयोजक संगमको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

अयोजक संगम क्लवले आठौं संस्करणको संगम कप विल स्मृति फुटवल प्रतियोगिता २०७९ मा विजयी सुरुवात गरेको छ । पोखरा रंगशालामा सोमबार भएको उद्घाटन खेलमा आयोजक संगम क्लवले सत्य युवा क्लव बी थट्टीनलाई ३–१ को गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको छ।

संगमको जितमा निश्चल जि.सि.ले दुई गोलको योगदान दिए भने अमिर गुरुङले एक गोल गरे । बी थट्टीनका सरोज विकले एक गोल गरे । खेलको ३० औं मिनेटमा संगमका जि.सी.ले पहिलो गोल गरे भने पहिलो गोल खाएको ७ मिनेटमै बी थट्टीनका सरोज बि.क.ले गरेको गोलले खेल बराबरीमा पुगेको थियो । खेलको ५५ औं मिनेटमा संगमका अमिरले एक गोल गरी खेलमा २–१ अग्रता दिलाए। त्यसै गरी खेलको ६० औं मिनेटमा जि.सि.ले पुनः एक गोल गरी आफ्नो व्यक्तिगत दुई गोल गर्दा आफ्नो टिमको जित सुनिश्चित पारेका हुन्।

त्यसै गरी सोमबार नै भएको अर्को खेलमासितलज्योतिक्लवलाई एल.जी.एशोसीयसन क्लवले पराजित गरेको छ । आसिस गुरुङको निर्णायक एक गोलको



मद्धतले एल.जी. एशोसीसयनले सितल ज्योति माथि १–० को झिनो गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको हो। पहिलो हापको इन्जुरी समयमा आसिसले वान भर्सेस वानमा गोल गरेका हुन्। दोश्रो खेल प्रविधिक कारणले गर्दा ३०/३० मिनेटमा खेल संचालन गरिएको थियो । भोलि (मंगलबार) प्रि–क्वाटरका तीन खेल हुने भएको प्रतियोगिताका म्याच कमिस्नर खिम बहादुर गुरुङले बताए। यसैबिच उक्त प्रतियोगिताको एक समारोहका बिच कास्की जिल्ला फुटवल संघ (एन्फा) का अध्यक्ष उज्जल रन्जितले रेफ्रि शुसिल केसीलाई बल हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै अध्यक्ष रन्जितले फुटवल खेलको विकास हुने यस्ता प्रतियोगिताको प्रबर्द्धन गर्न आग्रह गरे। कार्यक्रममा राष्ट्रिय कोच संघका अध्यक्ष एवं पूर्व राष्ट्रिय खेलाडी राजेन्द्र तामाङले अब खेल मनोरन्जन र स्वास्थ्यको लागि मात्र नभई विश्व सामु पहिचान गराउने शसक्त माध्यम भएको दाबी गरे। उक्त अवसरमा क्लवले फुटवल खेलको विकासमा योगदान पुराएको भन्दै फुटवल प्रशिक्षक शम्भु के.सी.लाई दोसल्ला ओढाई सम्मान गरेको छ। क्लबका अध्यक्ष नरेन्द्रजंग गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा उपाध्यक्ष भिम बहादुर गुरुङ, सचिव बिकल राई लगायतले वोलेका थिए।

पोखरा १३ मा रहेको संगम क्लवको आयोजनामा फुटवल खेलको विकास गर्ने उद्धेश्यले यही फागुन १३ गतेसम्म पोखरा रंगशालामा हुने उक्त प्रतियोगितामा १६ टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक शिव गुरुङ (माया) ले बताए। अखिल नेपाल फुटवल संघ (एन्फा) कास्कीमा आबद्ध भएका क्लवहरु बिच मात्र प्रतिष्प्रर्धा हुने उक्त प्रतियोगिताबाट कास्कीको टिम तयार पार्न २५ जना खेलाडीहरु छनौट समेत गरिने भएको उनले बताए। प्रतियोगिताका विजेतालाई १ लाख ७५ हजार, उपविजेतालाई १ लाख साथमा ट्रफी मेडल र प्रमाण पत्र वितरण गरिने भएको अध्यक्ष गुरुङले बताए । तल्लो स्तरबाटै फुटवल खेलको विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगितालाई क्लवले निरन्तर रुपमा आयोजना गर्दै आएको उनले जनाए । प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा सहारा हङकङ र संगम एल.जी.हङकङ रहेको छ।

प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई ७ हजार, प्रतियोगितामा उत्कृष्ट स्टाइकर, उत्कृष्ट डिफेन्स र उत्कृष्ट मिड फिल्डरलाई जनहि ५/५ हजार पुरस्कार प्रदान गरिने भएको छ । संगम क्लवले २०६८ मा जिल्लामा छनौट भई राष्ट्रिय लिग समेत खेलेको थियो । क्वाटरफाइनलबाट हरेक खेलमा म्यान अफ दी म्याचलाई ट्रफीको साथमा एक हजार रुपैया समेत प्रदान गरिने भएको छ। पुर्व खेलाडी संगम क्बलका संस्थापक सदस्य एवं कप्तान समेत रहेका बिल तामाङको स्मृतिमा क्लवले उक्त फुटवल प्रतियोगिता संचालन गरेको हो । प्रतिनिधि सभा सदस्य एवं क्लवका पूर्व सचिव शिव नेपालीको समेत कार्यक्रममा बिषेश उपस्थिती रहेको थियो।

# भद्रकाली माविको ७१ औं वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यमिक विद्यालयको ७१ औं वार्षिकोत्सव, अभिभावक दिवस तथा पुस्रकार वितरण तथा उद्घाटन समारोह सोमवार सम्पन्न भयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले ७१औं वार्षिकोत्सव उद्घाटन गर्दै विद्यालयमा शिक्षक छनौट गर्दा कुनै पनि राजनीति नभनी गुणात्मक शिक्षाको लागि अघि बढ्नु पर्ने धारणा राखे। प्रतिनिधि सभाका सांसद मनवहादुर गुरुङले भद्रकाली माविको भौतिक निर्माणको लागि भविष्यमा सहयोग गर्ने भने। मादी र सिक्लेसका भाइवहिनीहरुको भविष्य कोर्न स्थान भद्रकाली मावि रहेकोको यस विद्यालयमा सहयोग गर्न सदैव तयार रहेको भने। संघीय सांसद शिव नेपालीले शिक्षक, अभिभावक



र विद्यार्थी विच सकारात्मक तरिकाले छलफल गर्नु पर्ने धारणा राखे। कार्यक्रममा भूकम्प प्राधिकरणवाट निर्मित आठ कोठे भवन, प्रदेशका संस्थापक मुख्यमन्त्रीको पहलमा निर्मित दुइ काठे भवन र जनसहभागितामा निर्मित मुलद्धारको उद्घाटन प्रमुख अतिथि अधिकारीले गरे।

कार्यक्रममा पुरस्कार तथा छात्रवृत्ति वितरण गर्नुको साथै विद्यार्थीहरुले आफ्नो प्रतिभा प्रष्फुटन गरेका थिए। भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक राजेन्द्र भण्डारी, शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख नारायणप्रसाद सुवेदी, पोखरा शिक्षा महाशाखाका प्रमुख हेमराज आचार्य, विद्यालयका प्रावि इच्चार्ज शान्ती केसी, विहानी शत्रका प्रमुख शिक्षक उपेन्द्र सुवेदी ,अभिभावक विष्णु सापकोटा, पुरस्कृतवाट पोखरा वहुमुखी क्याम्पस संचालन समितिका अध्यक्ष नरेन्द्र लालचन लगायत वोलेको कार्यक्रममा सहायक प्रधानाध्यापक लोकचन्द्र खनालले संचालन गरेका थिए।

# गण्डकी प्रदेशका मुख्यमन्त्री अधिकारीको संयोजकमा घिमिरे

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको प्रेस संयोजकमा सुशन घिमिरे नियुक्त भएका छन्।

२०६८ सालदेखि पत्रकारिता शुरु गरेका थिए। पोखरामा रही रेडियो बाराही, मेन समाचार,



ताण्डव न्युज हुँदै हाल गन्थन डटकममा समाचार संयोजकको रुपमा आवद्ध भाइ कार्य गर्दै आएका थिए।

घिमिरेले आमसञ्चार तथा पत्रकारितामा स्नातक तह उत्तीर्ण गरेका छन्। रोट्र्याक्ट क्लव अफ पोखराका सदस्य घिमिरे अनेर इस्वियुका निर्वतमान केन्द्रीय सदस्य थिए।

# सुशासन...

उल्लेख गर्दै उहाँले यो जिल्ला शिक्षा, स्वास्थ्य, पर्यटन र साहसिक खेलको धेरै सम्भावना बोकेको ठाउँ हो भन्नुभयो। "पोखरा विश्वविद्यालयले अन्य विश्वविद्यालयको तुलनामा शैक्षिक र स्वास्थ्य पर्यटनको विकासमा महत्वपूर्ण योगदान दिन सक्दछ भन्ने कुरामा विमति छैन", उहाँले भन्नुभयो । विश्वविद्यलायले ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रमा सक्षम नेतृत्व प्रदान गर्न योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्द्धनात्मक, अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानवसंशाधन विकास गर्नुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिनुभयो । उक्त अवसरमा प्रधानमन्त्री दाहालले विभिन्न विधामा उत्कृष्टता हासिल गरेका विद्यार्थीलाई पदक प्रदान गर्नुभएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# हिसान गण्डकी फुटसलमा कास्की च्याम्पिएन जेसिएको विजयी यात्रा जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

हिसान गण्डकी प्रदेश फुटसल प्रतियोगितामा सेमिफाइनल समिकरण पुरा भएको छ।

पहिलो खेलमा फिचर बाइटर स्कुल बागलुङले सगरमाथा मावि पोखरा ए लाई ७-२ गोल अन्तरले हराउदै सेमिफाइनलमा प्रबेश गरेको छ। बाइटरका लागि विक्कि थापा र यमबहादुर गुरुङले दुई/दुई गोल, यमबहादुर गुरुङ, राजिब पौडेल र टिएस सेनले एक/एक गोल गरे। सगरमाथाका लागि आर्शिष गुरुङले दुई गोल गरे। अर्को खेलमा कास्की मोडनाइज पोखराले दि वल्ड क्यापिटलाई फराकीलो अन्तरले हरायो। कास्की मोडनाइजले वल्ड



क्यापिटलाई १०-१ गोल अन्तरले हराउदै सेमिफाइनलमा प्रबेश गरेको छ। तेस्रो खेलमा कास्की च्याम्पीयन जुनियर सिटिजन एकेडेमी (जेसिए) लेखनाथ र चिल्डेन लाइफ बागलुङ बिचको खेल निकै रोमाच्क बन्यो। जुनियर सिटिजन एकेडेमीले चिल्डन लाइफ बागलुङलाई ५-३ गोल अन्तरले हरायो। पहिलो हापमा २ गोलले पछि परेको जुनियर सिटिजन एकेडेमी दोस्रो हापमा ५ गोल फकाउदै सेमिफाइलनमा प्रबेश गऱ्यो। जुनियरका लागि विकास परियारले ह्याट्रिक पुरा गरे भने सन्दिप क्षेत्रीले दुई गोल गरे। चिल्डेन लाइफका लागि निश्चल महतले दुई र मनोज थापाले एक गोलको योगदान गरे। अन्तिम खेलमा सगरमाथा बि ले करुणानीधि एजुकेसन फाउन्डेसन (केफ)लाई फराकीलो अन्तरले हरायो। सगरमाथाले केफलाई ६-१ गोल अन्तरले हराउदै सेमिफाइनलमा प्रबेश गऱ्यो। सगरमाथाका लागि प्रमोद गुरुङले दुई गोल, सागर गुरुङ, सरन क्षेत्री, समिप क्षेत्री र व्रिटेन आलेले एक/एक गोल गरे। मंगलबार सेमिफाइनलका दुई खेल हुने प्रतियोगिताका व्यवस्थापन गरिरहेको सबिन ममोरियल क्लबका अध्यक्ष संजय लिगल बताए। प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने छन्।

# पब्लिक फोरके टेलिभिजनको नियमित प्रसारण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

गण्डकी प्रदेशकै पहिलो फोरके प्रविधियुक्त पब्लिक टेलिभिजनको नियमित प्रसारण सुरु भएको छ।

आइतबार साँझ एक कार्यक्रमका बीच गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले नियमित प्रसारणको उद्घाटन गरेका हुन्।

नियमित प्रसारण उद्घाटन गर्दै मुख्यमन्त्री अधिकारीले टिभीको नियमित प्रसारण सुरुआतसँगै गण्डकीको सञ्चार क्षेत्रमा नयाँ आयाम थपिएको बताए। 'यसले आवाजविहीनहरुको आवाज बोल्ने मैले अपेक्षा राखेको छु,' उनले भने, 'पीँधमा रहेका वर्गलाई माथि ल्याउन भूमिका खेल्ने विश्वास छ।' राजनीतिकर्मी, उद्यमी, व्यवसायी तथा सञ्चारकर्मीहरुको बीचको एकता आजको आवश्यकता रहेको उनले औंल्याए।




पोखरा महानगरका मेयर धनराज आचार्यले टिभीको आधिकारिक वेबसाइट उद्घाटन गर्दै सकारात्मक सहयोग र खबरदारी गर्ने प्लेटफर्मका रुपमा आएको बताए। 'हाम्रा कामलाई सकारात्मक ढंगले सहयोग गर्ने, कहींकतै कमजोरी भयो भने खबरदारी गर्ने एउटा राम्रो प्लेटफर्म आएको छ,' उनले भने, 'अबका टिभीले दिनमा पछाडि फर्केर हेनुनपरोस्।' निर्देशक रुद्रप्रसाद अर्यालले स्वागत गरेको उद्घाटन कार्यक्रममा टिभीका अध्यक्ष प्रेमप्रसाद भट्टले संघीयताको मर्मअनुसार आम नागरिकले पाउनुपर्ने विश्वसनीय सूचना सामग्री पब्लिक टिभीको मुख्य ध्येय रहेको बताए।

समुद्घाटन समारोहमा गण्डकीका दिवंगत श्रष्टाहरुको सम्मान र सम्झनामा सांगीतिक कार्यक्रम गरिएको थियो। जसमा गायक राज सिग्देल, विनोद बानिया, सन्तोष बस्याल र अजुदा थापाले प्रस्तुति राखेका थिए।

# पर्वतबाट झण्डै ३० करोडका सुन्तला निर्यात

**पोखरापत्र संवाददाता**
पर्वत, ८ फागुन

जिल्लाको मुख्य निर्यातजन्य वस्तुको रुपमा रहेको सुन्तला उत्पादन यस वर्ष वृद्धि भएको छ।

अघिल्लो आर्थिक वर्षका तुलनामा चालु आर्थिक वर्षमा झण्डै २५ प्रतिशतले उत्पादन बृद्धि भएको हो।

कृषि ज्ञान केन्द्रका अनुसार यस वर्ष सुन्तला खेती गर्ने क्षेत्रफल र उत्पादन दुवै वृद्धि भएको छ। यस वर्ष जिल्लामा पाँच हजार मेट्रिक टन सुन्तला उत्पादन भएको छ। सोमध्ये चार हजार दुई सय ५० मेट्रिक टन सुन्तला निर्यात भएको ज्ञान केन्द्रले जनाएको छ। गत कात्तिकको अन्तिम सातादेखि माघ महिनाको अन्तिम सातासम्म जिल्लाका सुन्तला निर्यात भएका छन्। जिल्लाको उच्च पहाडी क्षेत्रमा अवस्थिति बाँसखर्कवाट माघको अन्तिम सातामात्र सुन्तला बजार पठाइएको थियो।

निर्यात भएका चार हजार दुई सय ५० मेट्रिक टन सुन्तलाबाट जिल्लामा रु २९ करोड ७५ लाख आम्दानी भएको वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले जानकारी दिनुभयो। पर्वतबाट औषतमा रु ७० को दरले सुन्तला निर्यात भएका छन्। यहाँ उत्पादित सुन्तला पोखरा, काठमाडौं, नारायणगढ र बुटवलसम्म पुगेको थापाले बताउनुभयो।

जिल्लामा अहिले आठ सय ३० हेक्टर क्षेत्रफलमा सुन्तला खेती भइरहेको छ। सो मध्ये पाँच सय हेक्टर क्षेत्रफलबाट उत्पादन भइरहेको छ भने बाँकी क्षेत्रफलबाट आगामी वर्षदेखि उत्पादन दिन सुरु हुनेछ। उत्पादित सुन्तलामध्ये झण्डै १५ प्रतिशत सुन्तला कृषकले उपभोगमै खर्चिएको अनुमान छ। गत आर्थिक वर्ष ०७८/७९ मा पर्वतमा चार हजार मेट्रिक टन सुन्तला उत्पादन भएको थियो। गत वर्ष चार सय ५० हेक्टर क्षेत्रफलबाट मात्र उत्पादन भएको थियो भने यस वर्ष झण्डै ११ प्रतिशत बढी क्षेत्रफलबाट उत्पादन थप भएको वरिष्ठ कृषि विकास अधिकृत थापाले बताउनुभयो। यस वर्ष अनुकूल मौसम, रोग किराको प्रकोप कम र हावाहुरी, असिना पानीलगायतबाट कुनै क्षति नभएकाले सुन्तला उत्पादन बृद्धि भएको हो। पछिल्लो समय बाँझै रहेको खेतबारीमा सुन्तला लगाउने र स्थानीय तहहरूले पनि सुन्तला खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न थालेपछि क्षेत्रफलमा वृद्धि हुँदै गएकाले बर्सेनि उत्पादन बढ्दै गएको छ। "किसानले मल, कीटनाशक विषादीको प्रयोग, बगैँचा सुधार गरेको तथा यस वर्ष हावाहुरी असिना नपरेको कारण सुन्तला उत्पादनमा वृद्धि भएको हो।" उहाँले भन्नुभयो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत पर्वतको जलजला र मोदी, महाशिला र पैँयु गाउँपालिकाका तथा फलेवास नगरपालिकाका विभिन्न वडालाई जोन र ब्लकको रुपमा विकास गरिएको छ। जिल्लामा सबैभन्दा बढी जलजला गाउँपालिकाको बाँसखर्कमा सुन्तला उत्पादन हुँदै आएको छ। यहाँको एउटै गाउँबाट झण्डै रु आठ करोडको सुन्तला निर्यात भएको छ।

त्यसैगरी लेखफाँट, माझफाँट, बनौ, कुश्मा नगरपालिकाको दुर्लुङ, मोदी गाउँपालिकाको बाजुङ, देउपुर, चित्रे, तिलाहार, महाशिला गाउँपालिकाको भोक्सिङ, होश्राङ्दी, पैँयु गाउँपालिकाको हुवास, त्रिवेणी, टकलाक, बिहादी गाउँपालिकाको बाच्छा, फलेवास नगरपालिकाको कुर्घा, पाङराङ, लिमीठाना र ठानामौलामा व्यावसायिक रुपमा सुन्तला खेती गरिँदै आएको छ।

जिल्लाबाट निर्यात हुने मुख्य उत्पादित वस्तुमा सुन्तला नै परेको छ। अन्य वस्तुको तुलनामा पर्वतबाट सुन्तला बढी मात्रामा बाह्य जिल्लामा निर्यात हुन थालेको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ। कृषकको बोटमै सुन्तला खरिद गर्न व्यापारी आउने भएका कारण सुन्तलाको बजारीकरणमा समस्या नरहेको देउपुरका कृषक दाताराम चापागाईले बताउनुभयो

# कर्मशिल सहकारीको वनभोज तथा सदस्य साक्षरता कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-८, सभागृहचोकको आयोजनामा सहकारीका शेयर सदस्यहरुका लागि लक्षित रमाइलो वनभोज तथा सदस्य साक्षरता कार्यक्रम आइतबार सम्पन्न भएको छ।

कार्यक्रममा सहकारीका बारेमा संस्थाका अध्यक्ष संगिता गौतम तिमिल्सिनाले सदस्यहरुको मूल काम तथा कर्तव्यका बारेमा बताउनु भएको थियो। यसैगरी संस्थाका सल्लाहकार देविलाल शर्मा तिमिल्सनाले सहकारीको बचत योजनाका बारेमा तथा भावी योजनाको सम्बन्धी जानकारी दिनुभएको थियो। सहभागी शेयर सदस्यहरको तर्फबाट निवर्तमान



अध्यक्ष/सल्लाहकार ध्रुव कुँवरले सहकारी संस्था र शेयर सदस्यलाई सल्लाह सुझाव दिनुभएको थियो।

संस्थाका शिक्षा उपसमिति संयोजक गोविन्द प्रसाद गौतमले संचालन गर्नु भएको कार्यक्रममा सदस्यहरुले स्वईच्छाबाट आवधिक बचत राख्ने घोषणा समेत भएको थियो। रमाईलो वनभोज कार्यक्रमको संयोजक संस्थाका सल्लाहकार श्रीमान गुरुङ र उपसमिति सदस्य सोनी ढेवाजूले गर्नुभएको थियो। सो कार्यक्रममा म्युजिकल चियर, तातो आलु, उत्कृष्ठ बाल नृत्य जस्ता खेलहरु समेत गरिएको थियो। संस्थाका शेयर सदस्यहरुको उल्लेख्य सहभागितामा सांस्कृतिक कार्यक्रम सहित सम्पन्न भएको संस्थाका प्रबन्धक देवेन्द्र धितालले जानकारी दिनुभयो।

# दीक्षित विद्यार्थी भन्छन् : देशमै अवसर देऊ

**रासस**
गण्डकी, ८ फागुन

स्याङ्जाका सुशील पङ्गेनी व्यवसाय प्रशासनमा स्नातकोत्तर हुनुहुन्छ। पोखरा विश्वविद्यालयबाट उपाधि हासिल गर्नुभएका उहाँ सोमबार आयोजित अठारौँ दीक्षान्त समारोहमा उक्त विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बाट दीक्षित हुनुभयो।

पङ्गेनीले व्यवस्थापन सङ्कायतर्फ सर्वोत्कृष्ट अङ्क प्राप्त गरी 'कुलपति पदक'समेत प्राप्त गर्नुभयो। दीक्षान्त समारोहमा हँसिलो मुद्रामा भेटिनुभएका उहाँले नेपालमै केही गर्ने सोच रहेको सुनाउनुभयो। पङ्गेनीको पहिलो रोजाइ भने बैङ्किङ सेवा हो।

"राष्ट्र बैङ्कका लागि लोकसेवा तयारी गरिरहेको छु", उहाँले भन्नुभयो, "विदेश जाने त्यस्तो कुनै सोच बनाएको छैन, सरकारी सेवामा पनि जागिरको अवसर छ, त्यसमै लागिरहेको छु।" उच्च शिक्षा हासिल गरेका विद्यार्थीका लागि स्वदेशमै रोजगारीको सिर्जना हुनुपर्ने पङ्गेनीले बताउनुभयो। उहाँले दक्ष जनशक्ति स्वदेशमै रहने वातावरणसिर्जनागर्नेमुख्यदायित्व सरकारको रहेको बताउनुभयो। उपयुक्त वातावरण र रोजगारीको अवसर पाए कोही पनि नेपालीले विदेश ताक्नु नपर्ने उहाँको भनाइ छ।

उहाँले झैँ अधिकांश दीक्षित विद्यार्थीले लोकसेवा पढेर सरकारी जागिरमा प्रवेश गर्ने इच्छा रहेको सुनाए। काठमाडौँकी श्रिया रिजाल पनि व्यवस्थापन विषयमै स्नातकोत्तर हुनुहुन्छ। उहाँले पनि बैङ्किङ, परराष्ट्र सेवाजस्ता क्षेत्रमा अवसर खोजिरहेको बताउनुभयो। "अवसर पाएसम्म विदेश किन जाने ?, यहीँ बस्ने वातावरण सरकारले बनाउनुपर्छ", उहाँले भन्नुभयो। उच्च शिक्षा पढेर पनि जागिर नपाउने स्थितिको अन्त्य गर्नुपर्ने रिजालले बताउनुभयो। स्वास्थ्य विज्ञान सङ्कायतर्फ फर्मास्यूटिकल साइन्समा स्नातक पोखरा-७ का जगदिश पौडेलले रोजगारी सिर्जनाका लागि स्वास्थ्य पूर्वाधारमा राज्यले लगानी बढाउनुपर्ने बताउनुभयो। "औषधि उत्पादन, वितरणदेखि धेरै विषयहरू योसँग जोडिएको छ", उहाँले भन्नुभयो, "सरकारले स्वास्थ्य संस्थामा रोजगारीको कोटा पनि थप्नुपर्छ, त्यो भयो भने हामीले पनि अवसर पाउँछौँ।"

प्राविधिक विषयमा ठूलो शैक्षिक जनशक्ति उत्पादन भइरहे पनि नेपालले टिकाउन नसकेको पौडेलले बताउनुभयो। "पढाइमा परिवारको ठूलो लगानी परिरहेको हुन्छ, शैक्षिक उपाधि लिन उस्तै मेहनत गर्नुपर्छ, तर रोजगारीको सुनिश्चितता छैन", उहाँले भन्नुभयो, "भविष्यको खोजीमा बाहिर जानु नेपालीको बाध्यता हो।"

उहाँले राजनीतिक नेतृत्व र राज्य संयन्त्रले शैक्षिक जनशक्तिको पलायनलाई रोक्न उचित नीति र कार्यक्रम ल्याउनुपर्ने धारणा राख्नुभयो। व्यवसाय प्रशासनमा स्नातक चितवनकी आस्था मगर पनि लोकसेवाको तयारीमा हुनुहुन्छ। उहाँलाई पनि राष्ट्र बैङ्कको जागिरे बन्ने ठूलो रहर छ।

"जागिरको तयारीसँगै आफ्नो अध्ययनलाई पनि अगाडि बढाइरहेकी छु, विदेश जाने कुनै सोच अहिलेसम्म छैन, पाएसम्म नेपालमै अवसर खोज्ने हो, नत्र विकल्प त अपनाउनै पर्छ", उहाँले भन्नुभयो, "मेरो परिवारको पनि सरकारी जागिरमै बढी जोड छ।" देशमै काम गर्ने उपयुक्त वातावरण भए विदेश जानै नपर्ने मगरले बताउनुभयो।

विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले शैक्षिक जनशक्ति राष्ट्रनिर्माणका लागि महत्पूर्ण स्रोत भएको बताउनुभयो। दीक्षान्त समारोहमा उहाँले विश्वविद्यालयले देशको सर्वाङ्गीण विकासका लागि चाहिने ज्ञान र सीपयुक्त जनशक्ति तयार गरिरहेको उल्लेख गर्नुभयो। "शिक्षाले सभ्य समाजको निर्माण गरी देशलाई विकास र प्रगतितर्फ उन्मुख गराउँछ, शिक्षित दक्ष जनशक्तिको अभावमा देशले लक्षित प्रगति हासिल गर्न सक्दैन", उपकुलपति प्रा डा अर्यालले भन्नुभयो। उहाँले विश्वविद्यालयबाट विभिन्न तहमा उपाधि प्राप्त गरी दीक्षित भएका विद्यार्थीहरूलाई राष्ट्रनिर्माण र परिवर्तनको संवाहकका रुपमा काम गर्न आग्रह गर्नुभयो। "आर्जित ज्ञान र सीपलाई देश विकास र आफ्नो सफल भविष्य निर्माणका लागि सदुपयोग गर्नुहुनेछ भन्ने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो।

विसं २०५४ सालमा स्थापना भएको पोखरा विश्वविद्यालयका ६६ वटा महाविद्यालयहरूमा प्राविधिक एवं साधारण विषयमा स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहमा पठनपाठन हुँदै आएको छ। दीक्षान्त समारोहमा छ हजार नौ सय ९९ विद्यार्थी दीक्षित भएको विश्वविद्यालयले जनाएको छ। विसं २०७९ माघ २० गतेसम्म ट्रान्सक्रिप्ट लिएका विभिन्न शैक्षिक कार्यक्रममा उत्तीर्ण विद्यार्थीहरूलाई उक्त विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दीक्षित गर्नुभएको हो।

# 'यसरी सरकारी विद्यालयप्रति अपनत्व बढ्छ'

**पोखरापत्र संवाददाता**
दमौली, ८ फागुन

तनहुँका आँबुखैरेनी गाउँपालिकाले जनप्रतिनिधिका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउने निर्णय गरेको छ।

सामुदायिक विद्यालयको शैक्षिकस्तर उकास्ने उद्देश्यसहित जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरिएको हो। गाउँ कार्यपालिकाको आइतबार बसेको बैठकले आगामी शैत्रिक सत्रदेखि जनप्रतिनिधिका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउने निर्णय गरेको अध्यक्ष शुक्र चुमानले बताउनुभयो। गाउँपालिकामा ३२ जनप्रतिनिधि छन्। आँबुखैरेनी गाउँपालिकाका छवटा वडामा ३५ सामुदायिक विद्यालय छन्। ती विद्यालयमा करिब चार सय पाँच सय विद्यार्थी अध्ययनरत छन्। "सामुदायिक विद्यालयको स्तर सुधार्नुपर्छ भनेर भाषणमा त भन्छौं, व्यवहारमाउतार्दैनौं,अबजनप्रतिनिधिका छोराछोरीलाई अनिवार्यरुपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने नियम बनाएका छौँ", उहाँले भन्नुभयो, "यसले गर्दा सरकारी विद्यालयप्रति अपनत्व बढ्छ।" गाउँपालिकाले सामुदायिक विद्यालयमा अनुदानमा बस वितरणको तयारीसमेत थालेको छ। पहिलो चरणमा तीनदेखि पाँच वटा विद्यालयलाई बस हस्तान्तरण गरिने अध्यक्ष चुमानले बताउनुभयो। यसैबीच आँबुखैरेनी गाउँपालिका-५ को वडा भवनमा विद्यालय स्थानान्तरण गरिने भएको छ। उक्त वडाको इन्द्रदेवी आधारभूत विद्यालयको भवन जीर्ण रहेकाले वडा कार्यालयमा विद्यालय स्थानान्तरण गर्न लागिएको हो।

# शैक्षिक जनशक्ति राष्ट्रनिर्माणको स्रोत - उपकुलपति अर्याल

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति राष्ट्रनिर्माणका लागि महत्पूर्ण स्रोत भएको बताउनुभएको छ।

सोमबार आयोजित पोखरा विश्वविद्यालयको अठारौँ दीक्षान्त समारोहमा उहाँले विश्वविद्यालयले देशको सर्वाङ्गीण विकासका लागि चाहिने ज्ञान र सीपयुक्त जनशक्ति तयार गरिरहेको उल्लेख गर्नुभयो।

"शिक्षाले सभ्य समाजको निर्माण गरी देशलाई विकास र प्रगतितर्फ उन्मुख गराउँछ, शिक्षित दक्ष जनशक्तिको अभावमा देशले लक्षित प्रगति हासिल गर्न सक्दैन", उपकुलपति प्राडा अर्यालले भन्नुभयो। उहाँले विश्वविद्यालयबाट विभिन्न तहमा उपाधि प्राप्त गरी दीक्षित भएका विद्यार्थीलाई राष्ट्रनिर्माण र परिवर्तनको सम्वाहकका रुपमा काम गर्न आग्रह गर्नुभयो। "आर्जित ज्ञान, सीपलाई देश विकास र आफ्नो सफल भविष्य निर्माणका लागि सदुपयोग गर्नुहुनेछ भन्ने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो।

पोखरा विश्वविद्यालयले हालै शिक्षण अस्पताल सञ्चालनमा ल्याएको उल्लेख गर्दै उपकुलपति अर्यालले गुणस्तरीय स्वास्थ्य सेवा, शिक्षा र वैज्ञानिक स्वास्थ्य अनुसन्धान केन्द्रका रुपमा अस्पताललाई विकसित गरिने बताउनुभयो।

आर्थिक एवं सामाजिकरुपले पछाडि पारिएका वर्ग र क्षेत्रका विद्यार्थीको उच्च शिक्षामा पहुँच पुऱ्याउन विश्वविद्यालयले बर्सेनि ठूलो सङ्ख्यामा छात्रवृत्ति प्रदान गर्दै आएको उहाँको भनाइ थियो। विश्वविद्यालयका ६६ वटा महाविद्यालयमा प्राविधिक एवं साधारण विषयमा स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहमा पठनपाठन हुँदै आएको उपकुलपति प्राडा अर्यालले बताउनुभयो।